# अस्थायी खाद्य सेवा व्यवसाय (Temporary Food Service Establishment) सञ्चालन गर्न इजाजतपत्रका लागि आवेदन

## निर्देशनहरू

पहिलो कार्यक्रमभन्दा कम्तीमा पनि 15 दिनअघि आवेदन र शुल्क बुझाउनुहोस् ।

आवेदन बुझिने अक्षरमा पूरै भर्नुहोस् । तपाईंले अनिवार्य रूपमा यसमा हस्ताक्षर गर्नुपर्छ । पूरा नभरिएका आवेदनहरू फिर्ता गरिनेछन् र यसले इजाजतपत्र पाउने प्रक्रियामा ढिलाइ हुनेछ ।

आफ्नो चेक वा मनी अर्डरमा भुक्तानी प्राप्तकर्तामा Vermont Department of Health को नाम लेख्नुहोस् । तपाईंले शुल्क भुक्तानीसकेपश्चात् तपाईंले उक्त पैसा फिर्ता पाउन सक्नुहुन्न ।

यदि तपाईंले लगातार दुईदेखि तीन दिनसम्म चल्ने कार्यक्रम सञ्चालन गर्नुहुनेछ भने एकल कार्यक्रम इजाजतपत्र छनौट गर्नुहोस् । चार वा सोभन्दा बढी दिनसम्म चल्ने धेरैवटा कार्यक्रमहरू वा एउटा कार्यक्रम सञ्चालन गर्न क्यालेन्डर वर्ष इजाजतपत्र छनौट गर्नुहोस् ।

तपाईंले खाना पकाउने कुनै पनि ठाउँहरूले भर्मोन्ट स्वास्थ्य विभाग वा स्थानीय क्षेत्राधिकार निकायबाट अनिवार्य रूपमा इजाजतपत्र प्राप्त गरेको हुनुपर्छ । यदि तपाईंले खाना पकाउने ठाउँ भर्मोन्टमा पर्दैन भने यो आवेदनसँग इजाजतपत्रको प्रतिलिपि समावेश गर्नुहोस् ।

आवेदन र भुक्तानी निम्न ठेगानामा हुलाकमार्फत पठाउनुहोस्:

VT Dept of Health
Environmental Health
Food & Lodging Program
280 State Drive
Waterbury, VT 05671-8350

## आगामी चरणहरू

तपाईंको आवेदनको समीक्षा गरेर स्वीकृत भएपछि तपाईंको अस्थायी खाद्य सेवा व्यवसायको इजाजतपत्र तपाईंलाई इमेल गरेर पठाइनेछ । तपाईंले आफ्नो इजाजतपत्र प्राप्त गरेपछि जुनसुकै बेला पनि सञ्चालन गर्न सक्नुहुन्छ ।

तपाईंले सञ्चालन गर्ने जुनसुकै कार्यक्रममा निरीक्षणका लागि तयार रहनुहोस् ।

कानुनअनुसार इजाजतपत्र आवेदनका सामग्रीहरू सार्वजनिक अभिलेखहरू हुन् । यसको अर्थ राज्य वा संघीय कानुनले अन्यथा निषेध गरेको खण्डमा बाहेक अरू बेला तिनीहरूलाई सर्वसाधारणहरूका लागि उपलब्ध गराउन सकिनेछ ।

केही प्रश्नहरू भएमा खाद्य तथा आवासीय कार्यक्रमलाई 802-863-7221 मा फोन गर्नुहोस् । भाषासम्बन्धी सेवाहरूका लागि 802-863-7220 मा फोन गरेर 0 थिच्नुहोस् ।

| OFFICE USE ONLY | |
|---|---|
| License ID# | |
| Date Received | |
| License Fee Amount Received | |
| Check or Money Order Number | |
| License Issuance Approval | Initials Date |

# अस्थायी खाद्य सेवा व्यवसायहरू (Temporary Food Service Establishments) सञ्चालन गर्न इजाजतपत्रका लागि आवेदन

## 1. इजाजतपत्रको प्रकार चयन गर्नुहोस् (एउटा मात्र चयन गर्नुहोस्):

○ **क्यालेन्डर वर्ष इजाजतपत्र - $230.00**
(प्रति वर्ष 4 वा सोभन्दा बढी दिन सञ्चालन हुने)

○ **एकल कार्यक्रम इजाजतपत्र - $125.00**
(प्रति वर्ष 3 वा सोभन्दा कम दिन सञ्चालन हुने)

## 2. व्यवसायसम्बन्धी जानकारी

फुड स्ट्यान्डको नाम: ____________________

कर्पोरेसन, LLC, साझेदारी वा
एकल स्वामित्वको पूरा कानुनी नाम: ____________________

पत्राचार
ठेगाना: ____________________ सहर: ____________ राज्य: ________ जिप: ________

फोन: ____________________ इमेल: ____________________

कार्यक्रममा प्रभारी व्यक्तिको नाम(हरू): ____________________

सेल फोन: ____________________ इमेल: ____________________

के प्रभारी व्यक्ति सर्टिफाइड फुड सेफ्टी म्यानेजर हुनुहुन्छ ? ○ हो ○ होइन

यदि हो भने मान्यताप्राप्त कार्यक्रमको नाम: ____________________ म्याद समाप्त हुने मिति: ____________

## 3. कार्यक्रमहरू

तपाईं भर्मोन्टमा सहभागी हुने सबै कार्यक्रमहरूको सूचि दिनुहोस् । आवश्यक परेको खण्डमा अतिरिक्त कागजा प्रयोग गर्नुहोस् ।

| पहिलो कार्यक्रम: | स्थान: | मिति: |
|---|---|---|
| | | |

| अन्य सबै कार्यक्रमहरू: | स्थान: | मितिहरू: |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## 4. मेनु र प्रक्रियाको समीक्षा

बिक्री गर्ने मेनुका सबै वस्तुहरूको वर्णन गर्नुहोस् । आवश्यक परेको खण्डमा अतिरिक्त कागजा प्रयोग गर्नुहोस् । यदि राज्यभन्दा बाहिरको स्थानमा खाना तयार गरिन्छ भने इजाजतपत्रको प्रतिलिपि उपलब्ध गराउनुहोस् ।

| **बिक्री गर्ने, नमुना बनाइने वा तयारी गरिने खाद्य उत्पादन** | **तयारी प्रक्रिया:** कुनै पनि पकाउने, चिसो, तातो बनाउने र चिसै राख्ने चरणहरू समावेश गर्नुहोस्। | **तयारीको स्थान**<br>कुनै पनि अफसाइट स्थानहरू स्पष्ट उल्लेख गर्नुहोस् । |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## 5. इजाजतपत्रसम्बन्धी आवश्यकताहरू

अस्थायी खाद्य सेवा व्यवासयका आवश्यकताहरूको सारांश तल सूचीबद्ध गरिएको छ । तपाईंले अनिवार्य रूपमा यी सबै आवश्यकताहरू पूरा गर्नुपर्छ र खाद्य सेवा व्यवसायहरूका लागि भर्मोन्टका स्वास्थ्यसम्बन्धी नियमहरू पालना गर्नुपर्छ । तपाईंले बुझ्नुहुन्छ र प्रत्येक आवश्यकता पालना गर्नुहुन्छ भन्ने कुरा जनाउनका लागि तपाईंले प्रत्येक बाकसमा अनिवार्य रूपमा चिन्ह लगाउनुपर्छ ।

| **आवश्यकता** | ✓ |
|---|---|
| सबै खाद्य, पेयपदार्थ र बरफ अनिवार्य रूपमा स्वीकृत स्रोतबाट आएको हुनुपर्छ । | |
| सबै खाद्यहरूमा अनिवार्य रूपमा लेबल लगाइएको हुनुपर्छ र दूषित हुनबाट जोगाउनका लागि तिनीहरूलाई भण्डारण गरिनुपर्छ । | |
| खतरा हुन सक्ने सम्भावित सबै खानेकुराहरूलाई उपयुक्त तापक्रममा पकाएर 135°F भन्दा बढी वा 41°F भन्दा कम तापक्रम हुनेगरी भण्डारण, प्रदर्शन र खानका लागि दिइनुपर्छ । | |
| खानका लागि तयार खानेकुराहरूलाई खाली हातले छुनुहुँदैन । उपयुक्त भाँडाकुँडा वा पन्जाहरू अनिवार्य रूपमा उपलब्ध गराइनुपर्छ ।<br>कर्मचारीहरूले अनिवार्य रूपमा आफ्ना हातहरू 100°F तापक्रम भएको मनतातो पानी र साबुनले कम्तीमा 20 सेकेन्डसम्म आवश्यकताअनुसार रगडेर धुनुपर्छ । | |
| बरफलाई पानी राम्ररी बगेर जान मिल्ने भएको र दूषण हुनबाट सुरक्षित राखिएको कन्टेनरमा भण्डारण गरिनुपर्छ । | |
| खतरा हुन सक्ने सम्भावित सबै खानेकुराहरूलाई भण्डारण, तयारी, प्रदर्शन र खानका लागि दिने समयमा आवश्यक पर्ने तापक्रममा राखिराख्नका लागि उपकरणहरू उपलब्ध गराउनुहोस् । | |

| | |
|---|---|
| खतरा हुन सक्ने सम्भावित सबै खानेकुराहरू रेफ्रिजेरेसनबाट वा खाना पकाउने प्रक्रियाको हिस्साको रूपमा अनिवार्य रूपमा पगालिनुपर्छ । | |
| राम्रो सरसफाइ अभ्यासहरू प्रयोग गर्नुहोस् । | |
| बिरामी खाद्य कर्मचारीहरूलाई खानेकुरा चलाउन र पकाउन नदिनुहोस् । | |
| राम्रोसँग कपाल बाँधिने वा छोपिने कुराहरू र सफा बाहिरी लुगा वा पोसाकहरू अनिवार्य रूपमा लगाइनुपर्छ । | |
| उपकरण तथा भाँडाकुँडा धुन, पखाल्न र जीवाणुरहित गराउनका लागि स्वीकृत सामग्रीहरू उपलब्ध गराउनुहोस् । | |
| उपयुक्त थर्मोमिटर र स्यानीटाइजर परीक्षण किट उपलब्ध गराउनुहोस् । | |
| सिङ्गल-सर्भिस आर्टिकलहरूलाई उचित रूपमा भण्डारण र वितरण गर्नुहोस् । | |
| म्यानुअल वेयरवासिङमा उपयुक्त सेनिटाइजेसन रिन्ज अनिवार्य रूपमा समावेश हुनुपर्छ । | |
| पुछ्ने कपडाहरू उचित रूपमा प्रयोग गरिनुपर्छ र रासायनिक स्यानिटाइजरमा भण्डारण गरिनुपर्छ । | |
| उपकरण तथा भाँडाकुडाको खानेकुराको सम्पर्कमा आउने सतहहरूलाई उचित रूपमा सफा गरिनुपर्छ । | |
| सफा उपकरण तथा भाँडाकुडालाई उचित रूपमा भण्डारण गर्नुहोस् । | |
| पानी स्वीकृत स्रोतबाट आएको हुनुपर्छ । | |
| फोहोर र ढलको पानीलाई उचित रूपमा व्यवस्थापन गरिनुपर्छ । | |
| ब्याकफ्लो र ब्याक साइफोनेज हुनबाट रोक्नका लागि प्लम्बिङ प्रणाली अनिवार्य रूपमा जडान गरिएको हुनुपर्छ । | |
| हात धुने ठाउँहरू सहज तरिकाले भेटिने स्थानमा हुनुपर्छ र यसबाट 100° F तापक्रम भएको पानी उपलब्ध हुनुपर्छ । | |
| सो क्षेत्रमा मुसा र किराफट्यांग्राहरूहरूलाई प्रवेश गर्नबाट रोक्नुहोस् । | |
| पर्याप्त प्रकाश उपलब्ध गराइनुपर्छ र सबै फिक्स्चरहरूमा नफुट्ने बल्बहरू प्रयोग गरिएको हुनुपर्छ । | |
| सबै विषाक्त वस्तुहरूमा अनिवार्य रूपमा लेबल लगाएर राम्रोसँग भण्डारण गरिनुपर्छ । | |
| सबै क्षेत्रहरू अनिवार्य रूपमा फोहोरमैला र टुक्राटुक्रीहरूबाट मुक्त रहेको हुनुपर्छ । | |

## 6. बुथ लेआउट

तपाईंले हात धुने सेटअप र हात धुनेसम्बन्धी आवश्यकताहरू कसरी पूरा गर्नुहुनेछ भनेर संक्षिप्त रूपमा व्याख्या गर्नुहोस् । हेन्ड सिङ्कहरूमा अनिवार्य रूपमा साबुन, तातो पानी (100F), पेपर टावेल र पानी आइरहने धारा हुनुपर्छ ।

तपाईंले वेयरवासिङसम्बन्धी आवश्यकताहरू कसरी पूरा गर्नुहुन्छ भनेर संक्षिप्त रूपमा व्याख्या गर्नुहोस् । म्यानुअल वेयरवासिङसम्बन्धी आवश्यकताहरूअनुसार तपाईंसँग अनिवार्य रूपमा प्रयोगका लागि उपलब्ध धुने, पखाल्ने र स्यानिटाइज बेसिनहरू (यी प्लास्टिकका टबहरू हुन सक्छन्), मनतातो पानी, साबुन र स्यानिटाइजर (सामान्यतया ब्लिच) हुनुपर्छ ।

## 7. बच्चाको भरणपोषण खर्च र करहरूको सम्बन्धमा आवेदकको कथन

भर्मोन्टको कानुनअन्तर्गत तपाईंले पेशाकर्मी इजाजतपत्र वा अन्य व्यावसायिक वा व्यापार प्रमाणपत्र प्राप्त गर्नुअघि तपाईं बच्चाको भरणपोषण खर्चको भुक्तानीहरूमा “राम्रो स्थिति” मा हुनुहुन्छ भनेर प्रमाणित गर्न आवश्यक पर्छ। (तपाईंले इन्टरनेटमा 15 V.S.A. § 795 खोज गरेर योसम्बन्धी कानुन पढ्न सक्नुहुन्छ।)

यो आवेदनमा तपाईंले हस्ताक्षर गर्नुभयो भने निम्नमध्ये एउटा कुरा लागू हुने भएकोले त्यसले तपाईं बच्चाको भरणपोषण खर्चमा "राम्रो स्थिति" मा हुनुहुन्छ भनेर सङ्केत गर्छ:

- तपाईंले बच्चाको भरणपोषण खर्च भुक्तानी गर्नुपर्दैन।
- तपाईंले एक महिनाभन्दा कमको भरणपोषण खर्चको भुक्तानी गर्न बाँकी छ।
- तपाईंले भुक्तानी गर्नुपर्ने बच्चाको भरणपोषण खर्चको सम्बन्धमा अहिले अदालतमा मुद्दा चलिरहेको छ।
- तपाईंले बच्चाको भरणपोषण खर्च भुक्तानी गर्नुपर्नेछ तर त्यो भुक्तानी योजनाअनुसार गरिरहनुभएको छ।
- यो प्रमाणपत्र खोज्ने व्यवसाय भएकाले यो लागू हुँदैन।

भर्मोन्ट कानुनअन्तर्गत तपाईंले पेशाकर्मी इजाजतपत्र वा अन्य व्यावसायिक वा व्यापार प्रमाणपत्र प्राप्त गर्नुअघि भर्मोन्ट राज्यलाई तिर्नुपर्ने करहरूमा “राम्रो स्थिति” मा हुनुहुन्छ भनेर प्रमाणित गर्न आवश्यक पर्छ। (तपाईंले इन्टरनेटमा 32 V.S.A. § 3113 खोज गरेर योसम्बन्धी कानुन पढ्न सक्नुहुन्छ।)

यो आवेदनमा तपाईंले हस्ताक्षर गर्नुभयो भने निम्नमध्ये एउटा कुरा लागू हुने भएकोले त्यसले तपाईं भर्मोन्ट करहरूमा "राम्रो स्थिति" मा हुनुहुन्छ भनेर सङ्केत गर्छ:

- तपाईंले आफ्नो सबै कर विवरण दायर गर्नुभएको छ र कुनै करहरू तिर्न बाँकी छैन।
- तपाईं हाल आफूले तिर्न बाँकी करहरूको रकमको सम्बन्धमा पुनरावेदन गर्दै हुनुहुन्छ।
- तपाईंले करहरू तिर्नुपर्नेछ तर कर आयुक्तसँगको भुक्तानी योजनाअनुसार गरिरहनुभएको छ।

यदि तपाईं राम्रो स्थितिमा हुनुहुँदैन भने तपाईंले इजाजतपत्र जारी गर्ने प्राधिकरणलाई इजाजतपत्र जारी गर्नुअघि हाल बच्चाको भरणपोषण खर्च वा भर्मोन्ट करहरूमा रहँदा त्यो अनुचित कठिनाइमा भएको हुन्छ कि हुँदैन भनेर विचार गर्न अनुरोध गर्न सक्नुहुन्छ।

म यसैद्वारा आफू बच्चाको भरणपोषण खर्च र भर्मोन्ट करहरूको सम्बन्धमा राम्रो स्थितिमा भएको कुरा प्रमाणित गर्छु। यसका साथै यो आवेदनमा उल्लेख गरिएका सबै जानकारी मेरो जानकारीअनुसार सत्य र सही छन् भन्ने कुरा प्रमाणित गर्छु। गलत जानकारी उपलब्ध गराउनु वा जानकारी लुकाउनु भनेको कानुनविरुद्ध जानु हो र यसले गर्दा मैले आफ्नो इजाजतपत्र/प्रमाणपत्र/दर्ता गुमाउन सक्छु भन्ने कुरा म बुझ्दछु।

कर आइडी नम्बर वा सामाजिक सुरक्षा नम्बर: ______________________________________________

स्पष्ट अक्षरमा पूरा नाम: पद:__________________________________

आवेदकको हस्ताक्षर: _______________________________________ मिति:____________________